## आज मिति २०६६/७/१४ का दिन बसेको वैदेशिक रोजगार प्रबर्द्धन वोर्डको बैठकवाट भएका निर्णयहरु :-

१. वैदेशिक रोजगारसम्वन्धी अभिमुखीकरण तालिम (वैदेशिक रोजगार शिक्षा) को पाठ्यक्रम स्वीकृत गरियो ।

२. आर्थिक सहायता सम्वन्धी,

क) २०६४/११/८ पछि वैदेशिक रोजगारमा गै मृत्यु भएका र ६ महिना भित्र निवेदन दिने ५० जना मृतकका परिवारलाई रु.१,००,०००। का दरले आर्थिक सहायता दिएकोमा जानकारी गराईयो ।

ख) २०६४/११/८ पछि बैदेशिक रोजगारमा गै मृत्यु भएका कामदारका नजिकका नातेदार ७ (सात) जनाले ६ महिना म्याद नघाई निवेदन दिएकोमा रु.९९,०००।- का दरले आर्थिक सहायता दिएकोमा समर्थन गरियो ।

ग) मिति २०६४/११/८ अघि बैदेशिक रोजगारमा गै मृत्यु भएमध्ये म्याद भित्र निवेदन दिने ५३ परिवारलाई रु.१,००,०००।- का दरले र म्याद नघाई निवेदन दिने ३ परिवारलाई रु.९९,०००।- का दरले आर्थिक सहायता दिएकोमा समर्थन गरियो ।

३. वोर्ड वैठक हुने (वोर्डका अध्यक्षको कार्यकक्ष) कक्षमा आवश्यक फर्निचरको व्यवस्था गर्न स्वीकृति दिने ।

४. यु.ए.ई वाट दाऊद अन्सारीको शव झिकाउँदा खर्च रु.२,१५,०००।- पठाएकोमा समर्थन गरियो र आगामी दिनहरुमा कानून सम्मत गएका कामदारहरुको हकमा मात्र खर्च गर्ने ।

५. नेपाली राजदूतावास, साउदी अरेवियालाई सिकिस्त घाईते भई मरणासन्न अवस्थामा रहेका नेपाली कामदार झापा निवासी याम वहादुर वि.क.को आपतकालिन उपचारका लागि साउदी रियाल ७ हजार पठाइएको समर्थन गरी, आगामी दिनहरुमा कानून सम्मत गएका कामदारहरुको हकमा मात्र खर्च गर्ने निर्णय गरियो ।

६. वोर्डको मिति २०६५/११/२८ को निर्णयानुसार छुट्याईएको Seed Money को लागि छुट्याएको ५ लाख मध्ये कतारमा मृत्युदण्डको सजाय पाएका चन्द्रशेखर यादवको कानूनी सहायताको लागि खर्च भएको कतार रियाल रु.१५,०००।- वरावर हुन आउने रु.३,२२,९५०।- परराष्ट्र मन्त्रालयमा पठाएकोमा समर्थन गरियो ।

७. वोर्डको लागि स्वीकृत दरवन्दीको कम्प्युटर अपरेटर (ना.सु.स्तर) पद हालसम्म पूर्ति हुन नसकेकोले आवश्यकता अनुसार स्थायी तवरवाट पूर्ति नहुदाँसम्म करारमा लिई कामकाज लगाउने ।

८. प्रशिक्षार्थी कामदार जापान पठाउने सिलसिलामा भएको उच्चस्तरिय टोली (मा.मन्त्रीज्यू, श्रीमान, सचिवज्यू र शा.अ.भवानी प्रसाद थानी) को भ्रमण खर्च समर्थन गरियो ।

९. वोर्डको मिति २०६५/११/२८ को निर्णयानुसार साउदी अरेवियामा गर्न लागिएको **'वैदेशिक रोजगार मेला'** को आयोजना सम्वन्धी हालसम्मको प्रगति जानकारी गराइयो । आगामी नोभेम्वर १० देखि १८ नोभेम्वर २००९ को विचमा सम्पन्न गर्ने उक्त मेलाको लागि मितव्ययिता अपनाई आवश्यक रकम वोर्डको कल्याणकारी कोषवाट खर्च गर्ने ।

१०. इजरायल गएको उच्चस्तरिय भ्रमण दलमा गएका पत्रकार श्री सुदर्शन वलीको हवाई टिकट को रकम वोर्डवाट खर्च लेख्न स्वीकृति दिइयो ।

११. बैदेशिक रोजगार अभिमुखीकरण तालिम संचालन गर्न निवेदन दिएका ४ वटा संस्थाको पुनः निरीक्षण गरी वैदेशिक रोजगार विभागमा सिफारिस गर्न र पछि प्राप्त हुने संस्थाको हकमा सिफारीशको लागि वोर्डमा पेश गर्न देहाय वमोजिमको एक कार्यदल गठन गर्ने -

- वोर्डका सदस्य सीता देवकोटा
- विभागका प्रतिनिधि
- वोर्डका प्रतिनिधि
- GEFONT का प्रतिनिधि

१२. साउदी अरेवियामा मृत्यु भएका मोरङ्ग वेलवारीका रमेश गिरी र कास्की, लेखनाथ न.पा.का कृष्णलाल शर्माको दाह संस्कार एवं शव व्यवस्थापनका लागि आर्थिक सहायता उपलव्ध गराउने सन्दर्भमा कानून सम्मत भए नभएको वुझि आगामी वैठकमा पेश गर्ने ।

१३. Labour Migrants Resource Centre का लागि कार्यालय भवन वा कोठा भाडामा लिन र उक्त केन्द्रलाई आवश्यक पर्ने कर्मचारीहरुमा अधिकृत स्तरको पारीश्रमिक पाउने गरी Counselling officer १ (एक) र IT को ज्ञान भएको ना.सु स्तरको पारीश्रमिक पाउने गरी लाइब्रेरियन १ (एक) जना करारमा लिने ।

१४. मिति ०६६/५/३१ मा खोटाङ्गका मृतक पंचवहादुर राईको नजिकको हकदारलाई रु.२५,०००।- आर्थिक सहायता दिएकोमा अनुमोदन गरियो ।

ऐनको दफा ४० (६) बमोजिम प्रमाणित ।

२०६६।८।१४

(स्थानेश्वर देवकोटा)

सदस्य-सचिव